नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२ - ७
चलानी नं. : ५५८

CDS and Clearing Ltd.

मिति : २०७१/१०/२६

**विषय : DRF Number सम्बन्धी परिपत्र ।**

(परिपत्र नं.:८/आ.व.२०७१/७२)

यस लि. को **"भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१"** अनुसार T+13 भित्र हितग्राहीको खातामा धितोपत्र जम्मा हुनु पर्ने व्यवस्था रहेकोमा वर्तमान परिप्रेक्ष्यमा सो तोकिएको समयावधि भित्र कार्य सम्पादन नभएको पाइएकोले लगानीकर्ताले आफ्नो धितोपत्रको स्वामित्व समयमा प्राप्त नहुँदा बजारमा नकारात्मक प्रभाव पर्न सक्ने हुँदा सो समस्या समाधानका लागि खरिदकर्ताले धितोपत्र अभौतिकीकरण गर्न दिएको स्थिति (Demat Status) सम्बन्धित पक्षले जानकारी प्राप्त गर्न मिति २०७१/११/०१ गते देखि धितोपत्र कारोबारको नामसारी अभौतिक रुपमा प्राप्त गर्नका लागि सम्पूर्ण राफसाफ सदस्यले पृथक पहिचानको लागि ९ अंकको अभौतिकीकरण निवेदन नम्बर (DRF Number) भएको देहाय बमोजिमको अभौतिकीकरण निवेदन ४ प्रति छपाई साथै सम्पूर्ण निक्षेप सदस्यले सोही DRF Number यस लि. को केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टि गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

**९ अंकको पृथक DRF नम्बरको लागि अवलम्बन गर्नु पर्ने प्रकृया :**

शुरुको २ अंकको राफसाफ सदस्य नम्बर र बाँकी क्रमिक रुपमा ००००००१ देखि हुनु पर्नेछ ।

उदाहरणका लागि :

१) राफसाफ सदस्य नं.५ को अभौतिकीकरण निवेदनमा निम्नानुसारको DRF नम्बर हुनु पर्ने । ०५००००००१ देखि ०५९९९९९९९ सम्म ।

२) राफसाफ सदस्य नं.११ को अभौतिकीकरण निवेदनमा निम्नानुसारको DRF नम्बर हुनु पर्ने । ११००००००१ देखि ११९९९९९९९ सम्म ।

.................................
(सुरेन्द्र राज वाग्ले)
का.मु. सहायक प्रबन्धक

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com